

# एसियाली विकास बैंक र नेपाल

## तथ्यांक पुस्तिका

**तालिका १ नेपालः विकास परिसूचकहरू**

| | |
|---|---|
| **सहश्राब्दी विकास लक्ष्यमा नपर्ने** | |
| जनसंख्या (दश लाखमा) | २७.०२ (२००८) |
| वार्षिक जनसंख्या वृद्धिदर (%) | २.२ (२००६-२००८) |
| प्रौढ साक्षरता दर (%) | ५६.५ (२००७) |
| शहरी क्षेत्रको जनसंख्या (%) | १६.८ (२००७) |
| **सहश्राब्दी विकास लक्ष्य** | |
| दैनिक १.२५ डलरभन्दा कममा गुजारा गर्ने जनसंख्या (%) | ५५.१ (२००४) |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसंख्या (%) | ३०.९ (२००४) |
| प्रतिहजार पाँच वर्षभन्दा मुनिका शिशुको मृत्युदर | ५५ (२००७) |
| स्वच्छ पानीको पहुँच भएका जनसंख्या (%) | ८९ (२००६) |

स्रोतः एडीबी, २००९, प्रमुख तथ्यांकहरू २००८, मनिला। युनेस्को, २००९, इन्स्टिच्युट फर स्ट्याटिस्टिक्स डेटा सेन्टर। विश्व बैंक, २००९, वर्ल्ड डेभलपमेन्ट इन्डिकेटर्स अनलाइन।

नेपालले पछिल्लो दशकमा गरिबी निवारणतर्फ सुस्त तर एकनासको प्रगति हासिल गरेको छ। गरिबीको रेखामुनि रहेका जनसंख्या सन् १९९६ को ४२ प्रतिशतका तुलनामा २००४ मा ३१ प्रतिशतमा झरेको छ। सामाजिक तथा मानव विकास परिसूचकहरू, जस्तै औसत आयु, शिशु तथा मातृ मृत्युदर र प्रौढ साक्षरता दरमा सुधार आएको छ। दशक लामो द्वन्द्वका बावजूद देशले सहश्राब्दी विकास लक्ष्यमा उल्लेखनीय प्रगति गरेको छ। यति हुँदाहुँदै पनि नेपाल संसारकै अतिगरिब राष्ट्रहरूमध्ये एक हो। यसको प्रतिव्यक्ति आय वार्षिक ४ सय ६८ अमेरिकी डलर छ। यहाँ जनताको आम्दानी स्तरमा ठूलो विभेद छ। जनसंख्याको ठूलो हिस्सा आधारभूत सामाजिक सेवाको राम्रो पहुँचबाट वञ्चित छन्।

विकास निर्माणको क्षेत्रमा नेपालले सामना गर्नुपर्ने चुनौतीहरू व्यापक छन्। भूपरिवेष्ठित देश र जटिल भौगोलिक बनोटका कारण सेवा प्रवाह र आर्थिक गतिविधि विस्तार गर्न गाह्रो र महँगो छ। करिब ८० प्रतिशत नेपाली जनता अझै ग्रामीण क्षेत्रमा बसोबास गर्छन्। जमिनमाथिको स्वामित्व कम हुनु, जनसंख्याको उच्च वृद्धि दर र कमजोर पर्यावरणका कारण देशका धेरै भागमा चरम गरिबी व्याप्त छ। यसबाहेक अहिलेको राजनीतिक संक्रमण समाधान गर्नु नेपालका लागि चुनौतीपूर्ण बनेको छ। यसले सुधार कार्यक्रम र विकासका मुद्दाहरूमा सरकारको ध्यान कमजोर पार्दै लगेको छ।

सन् २००८ अगष्टदेखि कार्यभार सम्हालेको नयाँ गठबन्धनको सरकारद्वारा घोषित आर्थिक नीति तथा बजेटले शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन बलियो र समावेशी आर्थिक वृद्धिदर हासिल गर्नुका साथै रोजगारका उल्लेखनीय अवसरहरू सिर्जना गर्ने उद्देश्य लिएको छ। नयाँ सरकारको विकास नीति तथा कार्यक्रमले तीन वर्षीय अन्तरिम विकास योजना (आर्थिक वर्ष २००८-२०१०) लाई निरन्तरता दिँदै निजी क्षेत्रको साझेदारीमा कृषि, जलस्रोत, पर्यटन तथा यातायात पूर्वाधार क्षेत्रमा उल्लेखनीय रूपमा लगानी बढाउन खोजेको छ। सरकारले संविधानसभा निर्वाचनपछिको संक्रमणकालीन अवधिमा तीन वर्षे अन्तरिम योजना अघि बढाउन र नेपालको सुधार तथा विकास क्षेत्रलाई निर्देशित गर्न शान्ति तथा गरिबी निवारणसम्बन्धी नयाँ रणनीति लिने आशा गरिएको छ।

## एडीबीसँगको सम्बन्ध

सन् २००८ डिसेम्बर ३१ सम्म एसियाली विकास बैंक (एडीबी) ले २ अर्ब ३० करोड अमेरिकी डलर बराबरको सहायता नेपाललाई प्रदान गरेको छ। यसमध्ये ३३ करोड २२ लाख डलर लगानी अनुदान र १३ करोड २१ लाख डलर प्राविधिक सहायता रहेको छ। एडीबीको सहायताप्राप्त क्षेत्रमा कृषि, शिक्षा, खानेपानी तथा सरसफाइ, यातायात तथा सञ्चार, वित्त, ऊर्जा र सरकारी तथा निजी क्षेत्रको शासकीय सुधार पर्छन्।

Asian Development Bank

As of 31 December 2008

सन् २००४ मा नेपालका लागि राष्ट्रिय रणनीति तथा कार्यक्रम (सीएसपी) २००५-२००९ तर्जुमा गरिएयता यहाँ उल्लेखनीय राजनीतिक परिवर्तनहरू भएका छन् । सन् २००६ अप्रिलमा शान्ति पुनर्स्थापना भयो र त्यसैको फलस्वरुप २००८ अप्रिलमा संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न भयो । यद्यपि नेपालको संक्रमणकालीन राजनीतिक वातावरणमा राष्ट्रिय रणनीति तथा कार्यक्रमको प्रभावकारिता र सान्दर्भिकता मूल्यांकन गर्न सन् २००८ मा गरिएको मध्यावधि समीक्षाले त्यसका रणनीतिक प्राथमिकताहरू अझै सान्दर्भिक रहेको देखाएको छ । वृहत् तथा सहभागितामूलक विश्लेषणका आधारमा उक्त मध्यावधि समीक्षा गरिएको थियो । रणनीति तथा कार्यक्रमले गरिबी र द्वन्द्वका प्रमुख कारण भनी पहिचान गरेका सामाजिक बहिष्करण, वृहत् सामाजिक-आर्थिक तथा अन्तरक्षेत्रीय विभेद र कमजोर शासकीय व्यवस्था अझै पनि नेपालका प्रमुख विकास प्राथमिकता र चुनौतीका रूपमा रहेका छन् ।

एडीबीले विकास प्रयास र लक्ष्यमा भएका उपलब्धिको प्रभावकारी अनुगमन गरी सकारात्मक परिणाम हासिल गर्न सरकारको क्षमता सुदृढीकरणमा सहयोग गरिरहेको छ । यसका लागि केन्द्र (योजना) तथा मन्त्रालय (कार्यान्वयत) स्तरमा नतिजामूलक विकास व्यवस्थापन र मूलप्रवाहीकरणमा लक्षित प्राविधिक सहायता आयोजनाहरू सञ्चालित छन् ।

## सहायताको प्रभाव

नेपालका अधिकांश ग्रामीण जनता भौगोलिक रूपमा दुर्गम क्षेत्रमा बसोबास गर्छन् । आधारभूत सामाजिक सेवा तथा आर्थिक अवसरहरू उपभोग गर्नबाट उनीहरू वञ्चित छन् । देशमा लामो समयदेखि रहँदै आएको गरिबी र दशक लामो द्वन्द्वको मूलभूत कारण यही हो ।

तालिका २ **नेपाल : आर्थिक परिसूचक, २००४–२००८**

| **आर्थिक परिसूचक** | **२००४** | **२००५** | **२००६** | **२००७** | **२००८** |
|---|---|---|---|---|---|
| प्रतिव्यक्ति जीएनआई, एटलस विधि (डलरमा) | २७० | ३०० | ३२० | ३४० | - |
| जीडीपी वृद्धिदर (% प्रतिवर्ष) | ४.४ | ३.२ | ३.७ | २.७ | ५.३ |
| सीपीआई (% प्रतिवर्ष) | ४.० | ४.५ | ८.० | ६.४ | ७.७ |
| बेरोजगार दर (%) | - | - | - | - | - |
| वित्तीय सन्तुलन (जीडीपीको %) | -०.९ | -०.८ | -१.६ | -१.८ | -२.० |
| निर्यात वृद्धि (% प्रतिवर्ष) | १४.८ | ११.४ | २.६ | १.९ | १२.८ |
| आयात वृद्धि (% प्रतिवर्ष) | १५.९ | १२.५ | १७.८ | १३.१ | २६.३ |
| चालू खाता (जीडीपीको %) | २.७ | २.० | २.२ | -०.१ | २.६ |
| बाह्य ऋण (जीएनआईको %) | ४६.३ | ३९.० | ३७.८ | ३५.५ | - |

तथ्यांक उपलब्ध नभएको, सीपीआई = उपभोक्ता मूल्य सूचकांक, जीडीपी = कुल गार्हस्थ्य उत्पादन, जीएनआई = कुल राष्ट्रिय आम्दानी

स्रोत : एडीबी, २००९, एसियाली विकास आउटलुक, २००९, मनिला ।
एडीबी कर्मचारीहरूको अनुमान ।
विश्व बैंक, २००९, वर्ल्ड डेभलपमेन्ट इन्डिकेटर्स अनलाइन ।

तालिका ३ **नेपाल : २००८ मा स्वीकृत ऋण, प्राविधिक सहायता र अनुदान (दश लाख डलरमा)**

| **ऋण** | | | | |
|---|---|---|---|---|
| पूर्ण स्वामित्व | गैर-स्वामित्व | प्राविधिक सहायता | अनुदान | कुल |
| - | - | ४.६ | १५९.३ | १६३.९ |

- = शून्य

कुल ऋण (२००८ डिसेम्बर ३१ सम्म) : २ अर्ब ३० करोड १० लाख डलर
कुल वितरण (२००८ डिसेम्बर ३१ सम्म) : १ अर्ब ७० करोड ३७ लाख डलर

यसै सन्दर्भमा एडीबीको द्वन्द्व-सम्वेदनशील राष्ट्रिय रणनीति तथा कार्यक्रमको संरचनाभित्र रहेर तयार पारिएको चालू विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजनाका लागि २००४ सेप्टम्बरमा चार करोड अमेरिकी डलर स्वीकृत गरियो । यो आयोजनाले १८ जिल्लामा द्वन्द्व प्रभावित समुदायका विकास आवश्यकताहरूलाई सम्बोधन गरी देशमा जारी शान्ति प्रक्रियामा सहयोग गर्दै आएको छ ।

आयोजनाले समुदायमा आधारित समावेशी विकास प्रयासलाई प्रबर्द्धन गर्छ । यसअन्तर्गत ग्रामीण गरिब जनताको आम्दानी बढाउने खालका कार्यक्रमहरू सञ्चालित छन् । उनीहरूलाई ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन पुनर्स्थापना सुविधाका माध्यमबाट बजार तथा आर्थिक अवसरसम्म जोड्ने, रोजगार सिर्जना गर्ने र विकास कार्यक्रममा बहिष्कृत समुदायको सहभागिता सशक्त तुल्याउने आयोजनाका उद्देश्य हुन् ।

आयोजनाले करिब १५०,००० जना स्थानीय अदक्ष कामदारलाई रोजगार दिएको छ । आयोजनाअन्तर्गत ९१ किलोमिटर जिल्ला सडक र ५४ वटा साना पुलहरूको निर्माणमा श्रममूलक, वातावरणमैत्री र सहभागितामूलक पद्दति अपनाइएको छ । यस्तो रोजगार अवसरका कारण आयोजना क्षेत्रका गरिब जनता, जसको नगद आम्दानी पहिले निकै थोरै

तालिका ४ **नेपाल : २००८ डिसेम्बर ३१ सम्म एडीबीको कुल लगानी**

| **क्षेत्र** | **ऋण (संख्या)** | **रकम (दश लाख ४)** | **प्रतिशत** |
|---|---|---|---|
| कृषि तथा प्राकृतिक संशाधन | ४८ | ७४६.२३ | ३२.४३ |
| शिक्षा | १० | १६०.४० | ६.९७ |
| ऊर्जा | १३ | ४००.९० | १७.४२ |
| वित्त | २ | ६३.३० | २.७५ |
| उद्योग र व्यापार | ९ | १४२.२३ | ६.१८ |
| कानुन, आर्थिक व्यवस्थापन र सार्वजनिक नीति | २ | ६५.०० | २.८२ |
| बहुक्षेत्र | ७ | १५७.०६ | ६.८३ |
| यातायात तथा सञ्चार | १५ | ३०२.८६ | १३.१६ |
| खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | १० | २६३.०० | ११.४३ |
| कुल | ११६ | २,३००.९८ | १००.०० |

तालिका ५ **नेपाल : आयोजना सफलता दर**

| **क्षेत्रका आधारमा** | **प्रतिशत(क)** | **मापन गरिएका आयोजना /कार्यक्रम संख्या** |
|---|---|---|
| कृषि तथा प्राकृतिक संशाधन | ५०.० | ३४ |
| शिक्षा | ६६.७ | ६ |
| ऊर्जा | ८७.५ | ८ |
| उद्योग र व्यापार | २०.० | ५ |
| कानुन, आर्थिक व्यवस्थापन र सार्वजनिक नीति | ०.० | २ |
| बहुक्षेत्र | ५०.० | ६ |
| यातायात तथा सञ्चार | ७७.८ | ९ |
| खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | ७५.० | ४ |
| कुल | ५६.८ | ७४ |

**स्वीकृत वर्षका आधारमा**

| **वर्ष** | **प्रतिशत** | **मापन गरिएका आयोजना /कार्यक्रम संख्या** |
|---|---|---|
| १९७० दशक | ८१.३ | १६ |
| १९८० दशक | ४५.२ | ३१ |
| १९९० दशक | ६०.० | २५ |
| २००० दशक | ०.० | २ |

क आयोजना/कार्यक्रम समापन प्रतिवेदन (पिसिआर) को औसत नतिजाका आधारमा, पिसिआर भ्यालिडेसन प्रतिवेदन (पिसिआरभिआर) र पिसिआर वा पिसिआरभिआर उपलब्ध हुने अवस्थामा त्यसको प्रयोग गरी तयार पारिएको आयोजना/कार्यक्रम मूल्यांकन प्रतिवेदन (पिपिइआर) ।
स्रोत : सन् २००८ डिसेम्बर ३१ सम्मको पिसिआर, पिसिआरभिआर र पिपिइआर

थियो वा थिँदै थिएन, उनीहरू भवन समूहमा संगठित भइरहेका छन् । र, दैनिक प्रतिव्यक्ति चार डलर कमाइरहेका छन् । यस्ता भवन समूहमा सामान्यतया गरिब महिला (४० प्रतिशत) र उपेक्षित जातजातिहरू (८० प्रतिशत) छन् । यसले आयोजना गरिबमुखी रहेको देखाउँछ ।

आयोजनाको गरिबी निवारण कार्यक्रमलाई बचत तथा ऋण योजनाले थप विस्तार गरेको छ । यसले गरिबी निवारण कार्यक्रममा स्थायित्व पनि ल्याउँछ । आयोजनाले भवन समूहका सदस्यहरूमाफ बचत तथा ऋण योजना सञ्चालन गर्दै आएको छ, जसले स्थानीय स्तरमा जीविकोपार्जन र आयआर्जन गतिविधिलाई प्रबर्द्धन गर्न सघाउ पुऱ्याएको छ ।

आयोजनाअन्तर्गत सञ्चालित लक्षित तथा विशिष्ट क्षमता अभिवृद्धि कार्यक्रमले गरिब महिलाको सहभागिता बढाउनुका साथै भवन समूहका महिला सदस्यहरूको चेतना जगाउन, आत्मविश्वास बढाउन र नेतृत्व क्षमता विकास गराउन पनि सहयोग गर्छ । यसले समूहका महिलाहरूलाई विभिन्न सामुदायिक विकास गतिविधिमा सक्रिय सहभागी हुन सक्षम तुल्याउँछ । नयाँ सामाजिक सञ्जालहरूमा महिलाको पहुँच र भवन समूहको सदस्यताका माध्यमबाट हासिल गरेको स्वतन्त्र पहिचानले उनीहरूको सामाजिक हैसियत, नेतृत्वदायी भूमिका र स्वायत्तता प्रबर्द्धन गर्न पनि सहयोग गरेको छ । त्यस्तै, नगद आम्दानीमा भएको वृद्धिले महिलाको आत्मसम्मान बढाउनुका साथै गरिब घरपरिवारको जीवनस्तर उकास्नमा उनीहरूको योगदानलाई वृहत् मान्यता प्रदान गरेको छ ।

घरको आम्दानीमा महिलाको योगदानले खासगरी छोरीको शिक्षाप्रति अभिभावकको सोंचाइमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ । यसैको फलस्वरुप आयोजना जिल्लाहरूमा छात्राहरूको विद्यालय भर्ना दर बढेको पाइएको छ । आयोजनाअन्तर्गत सञ्चालित वृहत् सामाजिक परिचालन कार्यक्रमले ग्रामीण समुदायमा सहभागिताको अभ्यास स्थापित गर्दै सामाजिक सञ्जाल विकास गर्न सहयोग गरेको छ । यसले स्थानीय समुदायमा सामाजिक सहभागिताको संस्कार विकास गराएको छ, जसले विकास र सामाजिक समावेशीकरणलाई प्रबर्द्धन गर्दै बहिष्कृत तथा जोखिमपूर्ण समूहहरूको सशक्तिकरणमा सहयोग पुऱ्याउँछ । आयोजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा अन्य सामुदायिक पूर्वाधार सुविधामा परिपूरक लगानीका माध्यमबाट विकास गतिविधिहरूमा पनि सहयोग गर्छ । द्वन्द्व प्रभावित क्षेत्रका सबै समुदायका प्रतिनिधिहरूलाई सहभागी गराउने सहभागितामूलक पद्दति अपनाउनुले यो आयोजना द्वन्द्वको समयमा पनि सञ्चालन हुन सकेको थियो ।

स्थानीय स्तरमा पहिचान गरिएका र समावेशी ढंगमा कार्यान्वयन गरिएका विकास गतिविधिहरूमा जोड दिनुले यो आयोजनाले सामाजिक

तालिका ६ **नेपाल : वामित्वप्राप्त कर्जाका लागि कार्यक्रम कार्य–सम्पादन परिसूचकहरू**, २००७–२००८

| | | |
|---|---|---|
| चालू ऋणको संख्या (सन् २००८ डिसेम्बर ३१ सम्म) | | २० |
| | २००७ (दश लाख $) | २००८ (दश लाख $) |
| करार/प्रतिबद्धता | ८८.४ | ६४.५ |
| वितरण | ९६.८ | ६०.९ |
| जोखिमपूर्ण कर्जा (%) | १४.३ | ५.० |

तालिका ७ **नेपाल : देशका आधारमा गैर–स्वामित्व सहायता कार्यक्रमको वितरण**, १९८३–२००८(क,ख)

| **देश** | **आयोजना संख्या** | **एडीबीबाट स्वीकृतिप्राप्त (दश लाख डलरमा)** |
|---|---|---|
| भारत | ३७ | २,२६८ |
| जनवादी गणतन्त्र चीन | २१ | १,६९४ |
| इन्डोनेसिया | १५ | ८७९ |
| फिलिपिन्स | २८ | ७६८ |
| पाकिस्तान | २७ | ७२१ |
| काजकस्तान | ५ | ५५० |
| थाइल्यान्ड | १० | ३१९ |
| भियतनाम | ८ | ३०५ |
| श्रीलंका | १३ | २८० |
| बंगलादेश | ८ | २४२ |
| अफगानिस्तान | ६ | २०८ |
| जनलोकतान्त्रिक गणतन्त्र लाओ | १ | १०० |
| अन्य विकासोन्मुख सदस्य राष्ट्र | १३ | ८७ |
| अजरबैजान | ४ | ६६ |
| नेपाल | ४ | ५९ |
| क्षेत्रीय | ३६ | ९३० |

क = यसमा एडीबीका निजी क्षेत्र कार्यक्रम विभाग तथा अन्य क्षेत्रीय कार्यक्रम विभागहरूले प्रशोधन गरेका गैर-स्वामित्व आयोजनाहरू पर्छन् । क्षेत्रीय कार्यक्रम विभागले सन् २००७ मा गैर-स्वामित्व कार्यक्रम सुरू गरेको हो ।
ख = हस्ताक्षरअघि रद्द भएका सुविधा
स्रोत : निजी क्षेत्र कार्यक्रम विभाग ।

तालिका ८ **नेपाल : एडीबी ऋण आयोजनामा करार गरिएका कम्पनी/आपूर्तिकर्ता**, १ जनवरी २००४–३१ डिसेम्बर २००८

| **करार गरिएका कम्पनी /आपूर्तिकर्ता** | **क्षेत्र** | **करार रकम (दश लाख डलरमा)** |
|---|---|---|
| सिटिसिई-कालिका जेभी | यातायात तथा सञ्चार | १३.८० |
| प्रकाश-पायोनियर-प्रिमियर-नेपाल | ऊर्जा | ८.५९ |
| लुम्बिनी जेभी | बहुक्षेत्र | ८.५५ |
| गोरखा-सिडब्लुई | बहुक्षेत्र | ६.८२ |
| सुमेक | बहुक्षेत्र | ४.५६ |
| सिजिजिसी-लामा संयुक्त लगानी | यातायात तथा सञ्चार | ३.७७ |
| हुलास स्टिल इन्डस्ट्रिज लिमिटेड | ऊर्जा | ३.६३ |
| प्रेरा निर्माण सेवा प्रालि | खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन | २.४४ |
| कालिका कन्स्ट्रक्सन प्रालि | बहुक्षेत्र | २.२४ |
| शर्मा एन्ड नेपाल आदर्श जेभी | बहुक्षेत्र | २.२४ |

तालिका ९ **नेपाल : : एडीबी ऋण आयोजनामा संलग्न उत्कृष्ट परामर्शदाताहरू (व्यक्तिगत परामर्शदाता तथा परामर्शदातृ संस्था)**

| **परामर्शदाता** | **करार गरिएको संख्या** | **करार रकम (दश लाख डलरमा)** |
|---|---|---|
| न्यू एरा प्रालि | २ | २.८७ |
| एन्भाइरोमेन्ट एन्ड रिसोर्स म्यानजमेन्ट कन्सल्ट्यान्ट | १० | १.४० |
| सिमेट कन्सल्टेन्ट प्रालि | २ | १.४० |
| इन्टिग्रेटेड डेभलपमेन्ट एन्ड रिसर्च सर्भिसेज | ३ | १.१३ |
| बिडिए नेपाल जेभी जिओइसी नेपाल | ३ | १.०७ |
| टिएइसी कन्सल्ट लिमिटेड | ३ | १.०० |
| सिल्ट कन्सल्ट्यान्ट्स | १ | ०.७२ |
| बिल्डिङ डिजाइन अथोरिटी प्रालि | ३ | ०.५१ |
| रुरल डेभलपमेन्ट सर्भिसेज सेन्टर एन्ड इन्टिग्रेटेड डेभलपमेन्ट एन्ड म्यानजमेन्ट सर्भिसेज सेन्टर | १ | ०.४७ |
| मल्टिडिसिप्लिनरी कन्सल्ट्यान्ट्स प्रालि | ३ | ०.४४ |
| नेपालिज इन्डिभिजुअल कन्सल्ट्यान्ट्स* | १२ | ०.३८ |

* माथि उल्लेखित अवधिभित्र एउटै परामर्शदातासँग एक वा धेरै करार गरिएको हुनसक्छ ।

पुँजी सिर्जना गर्नमा योगदान पुऱ्याउँछ । त्यस्तै, राज्यले सामना गरेका समस्या समाधान गर्न पनि सहयोग गर्छ, जसले द्वन्द्वपछिको वर्तमान संक्रमणकालीन वातावरणलाई सहज तुल्याउनेछ ।

सन् २००३ मा एडीबीको सहयोगमा नेपाल सरकारले सामुदायिक खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गऱ्यो । खासगरी गरिब तथा दुर्गम क्षेत्रका जनतामा सुधारिएको खानेपानी आपूर्ति तथा सरसफाइ सुविधाको पहुँच विस्तार गर्नु यो आयोजनाको मुख्य उद्देश्य हो । यसले फोहोर पानी तथा सरसफाइसँग सम्बन्धित रोग नियन्त्रण गर्दै स्वस्थ पद्दति सुधार गर्नमा सहयोग पुऱ्याउँछ ।

आयोजनाले बाँसखोर गाउँमा १५ वटा स्यालो ट्युबवेल जडान गरेको छ । पानी सफा र सुरक्षित छ भनी सुनिश्चित गर्न प्रत्येक ट्युबवेल जडान गर्नुअघि पानीको गुणस्तर परीक्षण गरिएको छ । स्वास्थ्य जागरण कार्यक्रमका माध्यमबाट सुधारिएको सरसफाइलाई प्रवर्द्धन गर्न स्थानीय बासिन्दालाई खाल्डो शौचालय निर्माण गर्न प्रेरित गरिएको छ । आयोजना क्षेत्रका ७५ प्रतिशत घरपरिवारले अहिले यस्तो शौचालय प्रयोग गरिरहेका छन् । यसले बाँसखोर गाउँका स्थानीय समुदायको स्वास्थ्य स्थिति तथा जीवनस्तरमा उल्लेखनीय सुधार देखिएको छ । फोहोर पानीबाट फैलिने रोग घटेको छ । घन्टौं हिँडेर टाढाको गाउँसम्म पानी थाप्न जानुपर्ने बाध्यताबाट मुक्त केटीहरू विद्यालय भर्ना भएका छन् । यसबाहेक, एडीबीको सहायताप्राप्त आयोजनाले खानेपानी उपभोक्ता तथा सरसफाइ समिति गठन गर्न पनि सहयोग गरेको छ, जसले उक्त प्रणालीको बन्दोबस्त मिलाउँदै आएको छ ।

खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको नेतृत्व महिलाले गर्छन् । आयोजनाका विभिन्न चरणमा दलित तथा जनजाति समूहहरूलाई सहभागी गराएर लैंगिक समानता र सामाजिक समावेशीकरणको मुद्दा सम्बोधन गरिएको छ । आयोजना तर्जुमाको चरणदेखि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति र अन्य कार्यक्रमहरूमा महिला, दलित तथा जनजाति समूहको सहभागिता सुनिश्चित गरिएको छ । आयोजनाले योजना तर्जुमा, सहवित्त, कार्यान्वयन, सञ्चालन र सुधारिएको खानेपानी तथा सरसफाइ सुविधाको बन्दोबस्तजस्ता कार्यका लागि समुदायको क्षमता सुदृढीकरणमा पनि सहयोग गर्छ । आयोजनाले प्रत्येक परिवारका लागि शौचालय निर्माण गर्न र विद्यालयहरूमा सरसफाइ सुविधा उपलब्ध गराउनका लागि कर्जा प्रदान गर्न सरसफाइ चक्रीय कोष स्थापना गरेको छ । देशका २१ जिल्लामा सञ्चालन भइरहेको सामुदायिक खानेपानी तथा सरसफाइ आयोजनाका लागि २ करोड ४० लाख डलर स्वीकृत भएको छ ।

## भावी दिशा

संशोधित एसियाली विकास कोष (एडीएफ) अनुदान संरचनाको स्वीकृतिपछि नेपाल पनि २००७-२००८ को द्विवर्षीय राष्ट्रिय कार्यक्रमका लागि शत्प्रतिशत एडीएफ अनुदान पाउन योग्य भएको छ । पछिल्ला वर्षहरूमा नेपालको सार्वजनिक ऋणको स्थिति सुधार भएकाले ५० प्रतिशत ऋण र ५० प्रतिशत अनुदानगरी नेपालले २००९-२०१० का लागि औसत २१ करोड ३८ लाख डलर ऋण तथा अनुदान पाउनेछ ।

सन् २००८ को सहायता कार्यक्रममा कुल १५ करोड ९३ लाख डलरको आयोजना अनुदान पर्छ । यसमा शासकीय सहायता कार्यक्रम (उपकार्यक्रम १, १० करोड ६३ लाख डलर), सूचना तथा सञ्चार विकास आयोजना (२ करोड ५० लाख डलर), शिक्षा क्षेत्र कार्यक्रम (उपकार्यक्रम २, ८० लाख डलर) र संयुक्त अधिराज्यको वित्तीय सहायताप्राप्त ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास आयोजना (परिपूरक) (२ करोड डलर) समावेश छन् ।

शासकीय सहायता कार्यक्रमले सरकारको वृहत् स्थानीय शासन प्रणाली र सामुदायिक विकास कार्यक्रममा सहयोग गर्छ । यसले समावेशी , उत्तरदायी र जवाफदेही स्थानीय शासन तथा सहभागितामूलक र सामुदयिक विकासका माध्यमबाट गरिबी निवारणमा योगदान पुऱ्याउनेछ । सूचना तथा सञ्चार विकास आयोजनाले दुर्गम क्षेत्रमा पनि सूचना तथा प्रविधिको पहुँच पुऱ्याउन सहयोग गर्नेछ । यसले सुधारिएको सञ्जालद्वारा सरकारी सेवा प्रवाहमा विस्तार गर्न मद्दत गर्छ ।

शिक्षा क्षेत्र कार्यक्रम (उपकार्यक्रम २) केही जिल्लाहरूमा आधारभूत शिक्षालाई कक्षा १-८ सम्म विस्तार गर्ने संयन्त्र निर्माणमा केन्द्रित छ । यसले एडीबीले अपनाएको वृहत् शिक्षा क्षेत्र कार्यक्रमअन्तर्गत क्षमता अभिवृद्धिमा पनि सहयोग गर्छ ।

एडीबीले १० वटा प्राविधिक सहायता आयोजना पनि स्वीकृत गरेको छ, जसमध्ये चारवटा आयोजना तयारीसँग सम्बन्धित छन् । बाँकी छवटा सार्वजनिक खरिद प्रणाली, विकास नतिजा व्यवस्थापनका लागि क्षमता सुदृढीकरण, जलवायु परिवर्तन तथा वातावरणीय मुद्दाहरूको सम्बोधन र समष्टिगत आर्थिक विश्लेषणमा लक्षित संस्थागत विकाससँग सम्बन्धित छन् ।

सन् २००९ को कार्यक्रम सूचीमा कुल २७ करोड ४२ लाख डलर बराबरका आयोजनाहरू परेका छन् : शिक्षा क्षेत्र कार्यक्रम (उपकार्यक्रम तेस्रो, ५ करोड डलर), विद्युत् सम्पर्क तथा ऊर्जा कार्यदक्षता आयोजना प्रथम (४ करोड ५० लाख डलर), उत्तर-दक्षिण द्रुत गतिको

तालिका १० **नेपाल : एडीबी प्राविधिक सहायता आयोजनामा संलग्न उत्कृष्ट परामर्शदाता (व्यक्तिगत परामर्शदाता तथा परामर्शदातृ संस्था), १ जनवरी २००४- ३१ डिसेम्बर २००८**

| परामर्शदाता | करार गरिएको संख्या | करार रकम (दश लाख डलरमा) |
|---|---|---|
| नेप्लिज इन्डिभिजुअल | २७४ | ५.६० |
| डेभटेक नेपाल प्रालि | २ | ०.८० |
| सिल्ट कन्सल्ट्यान्ट्स प्रालि | १ | ०.४२ |
| म्यानेजमेन्ट सर्भिसेज | १ | ०.३७ |
| डेभलपमेन्ट प्रोजेक्ट सर्भिस सेन्टर | १ | ०.३६ |
| न्यू एरा | १ | ०.२९ |
| टिम नेपाल प्रालि | १ | ०.१६ |
| इन्स्टिच्युट अफ इन्टिग्रेटेड डेभलपमेन्ट | १ | ०.०६ |
| फोरम फर रुरल वुमन आरडेन्सी डेभलपमेन्ट | २ | ०.०५ |
| लुमन्ती सपोर्ट ग्रुप फर सेल्टर | १ | ०.०४ |
| जीवन विकास समाज | १ | ०.०३ |

* माथि उल्लेखित अवधिभित्र एउटै परामर्शदातासँग एक वा धेरै करार गरिएको हुनसक्छ ।

तालिका ११ **विकासोन्मुख सदस्य राष्ट्रहरूमा एडीबी सहायता, २००७–२००८क**

| | २००७ (दश लाख डलरमा) | २००८ (दश लाख डलरमा) | परिवर्तन (प्रतिशतमा) |
|---|---|---|---|
| कर्जा | ९,९६५.५९ | १०,४९४.२७ | ५.३ |
| एडीएफ स्वामित्वप्राप्त | १,८९२.८४ | १,७८९.५६ | (५.५) |
| ओसिआर स्वामित्वप्राप्त | ७,३४७.४८ | ६,९२४.४८ | (५.८) |
| ओसिआर गैर-स्वामित्वप्राप्त | ७२५.२७ | १,७८०.२३ | १४५.५ |
| सार्वजनिक क्षेत्र | १०.०० | ३००.०० | २,९००.० |
| निजी क्षेत्र | ७१५.२७ | १,४८०.२३ | १०६.९ |
| सेयर लगानी | ७९.७५ | १२३.०८ | ५४.३ |
| अनुदान | ६७२.७१ | ८११.३७ | २०.६ |
| प्राविधिक सहायता | २५२.८४ | २७४.५० | ८.६ |

एडिएफ = एसियाली विकास कोष, ओसिआर = सामान्य पुँजी स्रोत

क म्याद नाघिसकेका ऋण, सेयर लगानी, प्राविधिक सहायता र अनुदानमा यसमा समावेश छैन ।

सडक सम्पर्क आयोजना (६ करोड डलर), हवाई यातायात सेवा विस्तार आयोजना (४ करोड डलर), सहरी क्षेत्रमा खानेपानी, सरसफाइ तथा अन्य सहरी सेवा प्रवाह सुधार कार्यक्रम (४ करोड ५१ लाख डलर) र आकस्मिक बाढीबाट हुने क्षतिको पुनर्स्थापन आयोजना (२ करोड ५६ लाख डलर)। यसबाहेक उपक्षेत्रीय पर्यटन विकासका लागि सम्भाव्य गन्तव्यहरूको सम्पर्क तथा पूर्वाधार विकाससम्बन्धी क्षेत्रीय आयोजना (२ करोड ५५ लाख डलर), गरिबी निवारण आयोजनाका लागि छवटा जापान कोष (९९ लाख डलर) र पश्चिम सेती जलविद्युत्मा निजी क्षेत्र आयोजना (४ करोड ५० लाख डलर) पनि कार्यक्रम सूचीमा छन्। सन् २००९ को कार्यक्रम सूचीमा ५९ लाख डलर बराबरका ११ प्राविधिक सहायता आयोजना पनि छन्।

## कार्यगत चुनौती

नेपालको विकास तथा गरिबी निवारणको सम्भाव्यता दीगो शान्ति र स्थिरतामा निर्भर छ। सन् २००६ अप्रिलमा द्वन्द्व अन्त्य भएपछि विकासका अवसरहरू उल्लेखनीय रूपमा बढेका छन्। पछिल्ला वर्षहरूमा एकनासले सुधार भइरहेको एडीबीको सहायतामा सञ्चालित कार्यक्रमहरूको कार्य-सम्पादनले सन् २००८ मा स्थायित्व हासिल गरेको छ। सन् २००८ मा एडीबीको करार अनुपात २००७ बाट बढेर जम्मा बाँकी कार्यक्रमको २३.४५ प्रतिशत पुगेको छ। यसैगरी, तुलनात्मक र कम निकासा अनुपात १५.३५ प्रतिशत छ। यद्यपि संक्रमणकालीन अवधि लामो हुनु र पटकपटक विभिन्न अवरोध सिर्जना हुनुले शान्ति प्रक्रिया अझै कमजोर र सम्वेदनशील छ भन्ने संकेत गर्छ। यसले विकास कार्यहरूका लागि उल्लेखनीय जोखिम र विभिन्न चुनौती सिर्जना गरेको छ। खासगरी राजनीतिक वातावरण टुङ्गोमा पुग्न नसकेर सन् २००२ देखि स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिको अभाव रहेकाले शासकीय सुधार, सेवा प्रवाह र स्थानीय स्तरको विकास कार्यमा प्रमुख अवरोध खडा गरेको छ। यसबाहेक राजनीतिक अस्थिरता, श्रमिक हड्ताल र ऊर्जा संकटले अर्थतन्त्र र निजी लगानीका केही प्रमुख क्षेत्रहरूको सुधारमा पनि अवरोध ल्याएको छ।

पछिल्लो समय देखिएका यस्ता नयाँ अवरोधसँगै देशको भौगोलिक जटिलता, कमजोर पूर्वाधार र कमजोर संस्थागत तथा शासकीय संरचना पनि लामो समयदेखि नेपालको विकास प्रक्रियामा चुनौतीका रूपमा रहेका छन्। आधारभूत पूर्वाधारमा सुधार र शासकीय तथा सरकारी र निजी संस्थाहरूको सुदृढीकरण पनि नेपालका लागि अपरिहार्य मुद्दा हुन्।

## साझेदारी

एडीबीको नेपाल आवासीय नियोग सहायताको समन्वय र प्रभावकारिताका लागि सरकार तथा अन्य विकास साझेदारहरूसँग मिलेर काम गर्छ। नियोगले प्रमुख दातृ संस्थाहरू, जस्तै डेनमार्क, जर्मनी, नर्वे, स्विस विकास सहयोग, विभिन्न राष्ट्र संघीय नियोगहरू, बेलायत अन्तर्राष्ट्रिय विकास विभाग र विश्व बैंकसँग वृहत् समन्वय कायम गरी सरकारको आफ्नै विकास प्राथमिकतामा आधारित कार्यक्रम तर्जुमा र कार्यान्वयनमा एकरुपता र सामञ्जस्ता ल्याएको छ। यसका लागि दातृ संस्थाहरूसँग विकासको पृष्ठभूमि तथा सैद्धान्तिक विश्लेषणको आदानप्रदान र रणनीतिक एकरुपतामा जोड दिइएको छ।

एडीबीले आफूले उपलब्ध गराउने सेवाको प्रभावकारिता, गुणस्तर र स्थायित्वलाई सुदृढ तुल्याउन नेपालका नागरिक समाज संगठनहरूसँग वृहत् समन्वय विकास गरेको छ। एडीबीको चालू सामुदायिक पशुपालन विकास, व्यावसायिक कृषि विकास तथा सामुदायिक रूपमा सिँचित कृषि क्षेत्र आयोजनाअन्तर्गत लाभान्वित समुदायको परिचालन र क्षमता विकास गर्न, आयोजना सेवाप्रदायकसँग उनीहरूको राम्रो सम्बन्ध स्थापित गराउन र आयोजना गतिविधिहरूको कार्यान्वयन, अनुगमन तथा सार्वजनिक लेखापरीक्षणमा सहयोग गर्न गैरसरकारी संस्थाहरू र सामुदायिक संस्थाहरू संलग्न छन्।

## सह-वित्त तथा खरिद

सह-वित्त कार्यक्रमले एडीबीका वित्तीय साझेदारहरू, जस्तै सरकार वा सरकारी निकाय, बहुपक्षीय वित्तीय संस्था तथा व्यावसायिक संगठनलाई एडीबी आयोजनाहरूको लगानीमा सहभागी हुन सक्षम तुल्याउँछ। अतिरिक्त रकम विभिन्न किसिमका अनुदान, सुरक्षण वा ऋणका माध्यमबाट प्रदान गरिन्छ।

सन् २००८ को अन्त्यसम्म नेपालका २२ लगानी आयोजनाहरूका लागि ३४ करोड ५ लाख डलरको प्रत्यक्ष सह-वित्तीय ऋण उपलब्ध गराइएको छ भने ६२ प्राविधिक सहायता आयोजनाका लागि ४ करोड १६ लाख डलर प्रदान गरिएको छ।

सन् २००८ मा ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन क्षेत्र विकास कार्यक्रमलाई संयुक्त अधिराज्यले २ करोड डलरको सह-वित्तीय अनुदान प्रदान गरेको थियो।

सन् २००४ जनवरी १ देखि २००८ डिसेम्बर ३१ सम्मका सह-वित्तीय लगानी आयोजनाहरूको संक्षिप्त विवरण www.adb.org/Documents/Fact_Sheets/Nepal/cofinancing.asp मा उपलब्ध छ।

सन् २००८ डिसेम्बर ३१ सम्ममा ४ अर्ब १७ करोड डलर बराबरका एडीबी ऋण आयोजनाअन्तर्गत १०,३३० जना परामर्शदाताहरूसँग करार गरिएको थियो। यसमध्ये ३८७ जना नेपाली परामर्शदातासँग ३ करोड ७३ लाख ७० हजार डलर बराबरको करार गरिएको थियो।

सन् १९८५ जनवरी १ देखि २००८ डिसेम्बर ३१ सम्ममा २ अर्ब ३३ करोड डलर बराबरका एडीबी प्राविधिक सहायता आयोजनाअन्तर्गत १८,१०४ जना परामर्शदाताहरूसँग करार गरिएको थियो। यसमध्ये ५१२ जना नेपाली परामर्शदातासँग १ करोड ३७ डलर बराबरको करार गरिएको थियो।

वस्तु तथा सेवा, निर्माण कार्य र परामर्श सेवाका लागि खरिद करार गरिएका नेपालका कम्पनी तथा परामर्शदाताहरूको सूची www.adb.org/Documents/Fact_Sheets/Nepal/procurement.asp मा पाउन सकिन्छ।

## एडीबीको सदस्यता

सदस्यता : सन् १९६६
सेयर : ५,२०२ (०.१५ ५)
मत : १८,४३४ (०.४२ ५)

एडीबी सञ्चालक समितिमा कार्यकारी निर्देशक **मोहम्मद साद हशिम** र वैकल्पिक कार्यकारी निर्देशक **शिउ-जुआन आ** ले नेपालको प्रतिनिधित्व गर्छन् ।

नेपालका लागि एडीबीका राष्ट्रिय निर्देशक **ब्यारी जे. हिचकक** हुन् । सन् १९८९ मा स्थापना भएको नेपाल आवासीय नियोगले एडीबीका विभिन्न गतिविधिहरूमा सरकार, निजी क्षेत्र र नागरिक समाजका सरोकारवालाहरूसँग प्राथमिक कार्यगत सम्बन्ध विकास गर्ने काम गर्छ । नियोगले नीतिगत संवादमा संलग्न हुनुका साथै नेपालको विकाससम्बन्धी मुद्दाहरूमा बौद्धिक परामर्श दिने काम गर्छ ।
नेपाल सरकारका तर्फबाट एडीबीसँग सरोकार राख्ने विषय अर्थ मन्त्रालयले हेर्छ ।

## एसियाली विकास बैंकका बारेमा

एडीबी ६७ सदस्य राष्ट्रहरूले मिलेर स्थापना गरेको बहुपक्षीय विकास बैंक हो । यसमा ४८ सदस्य राष्ट्र एसिया-प्रशान्त क्षेत्रका छन् भने १९ वटा सदस्य अन्य क्षेत्रका छन् । एडीबीले नीतिगत संवाद, ऋण, सेयर लगानी, सुरक्षण, अनुदान र प्राविधिक सहायताका माध्यमबाट विकासोन्मुख सदस्य राष्ट्रहरूलाई मद्दत गर्छ । सन् २००८ मा यसले कुल १० अर्ब ४९ करोड डलर (८६ आयोजना) लगानी गरेको थियो, जसमध्ये २७ करोड ४५ लाख डलर प्राविधिक सहायता (२९९ आयोजना) र ८१ करोड १४ लाख डलर (४९ आयोजना) अनुदान आयोजना थिए ।
यसले सहवित्तीय साझेदारी कार्यक्रमबाट १ अर्ब ६५ करोड डलर पनि लगानी गरेको छ । पछिल्लो पाँच वर्ष (२००४-२००८) मा एडीबीले वार्षिक औसत ७ अर्ब ७० करोड डलर ऋण प्रदान गरेको छ भने २३ करोड १५ लाख डलर प्राविधिक सहायता र ६५ करोड ५१ लाख डलर अनुदान उपलब्ध गराएको छ ।
सन् २००८ डिसेम्बर ३१ सम्म एडीबीले ४१ देशमा २,१४७ आयोजनाका लागि १ सय ४३ अर्ब ५३ करोड डलर ऋण, २६३ आयोजनाका लागि ४ अर्ब ८ करोड डलर अनुदान र ६,५९९ आयोजनाका लागि ३ अर्ब ५५ करोड डलरको प्राविधिक सहायता प्रदान गरेको छ ।

## सम्पर्क


नेपाल आवासीय नियोग,
श्रीकुञ्ज, कमलादी, वडा नं. ३१,
पो.ब.नं. ५०१७, काठमाडौं, नेपाल ।
टेलिफोन : ९७७ १ ४२२ ७७७९
फ्याक्स : ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/NRM

एडीबी प्रधान कार्यालय
६ एडीबी एभेन्यु, मान्डालुयोङ सिटी,
१५५० मेट्रो मनिला, फिलिपिन्स ।
टेलिफोन : ६३ २ ६३२ ४४४४
फ्याक्स : ६३ २ ६३६ २४४४
information@adb.org

अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल ।
टेलिफोन : ९७७ १ ४२५ ९८८०
फ्याक्स : ९७७ १ ४२५ ९८९१
www.mof.gov.np


एडीबीका केही महत्वपूर्ण वेबसाइटहरू :
एसियाली विकास बैंक
www.adb.org
राष्ट्रिय वेबसाइट
www.adb.org/nepal
एसियाली विकास आउटलुक
www.adb.org/Documents/Books/ADO/2008/NEP.pdf
वार्षिक प्रतिवेदन
www.adb.org/Documents/reports/annual_report/2007/

पुस्तकालय
www.adb.org/Publications/Depositories/nep.asp

अन्य मिति लेखिएको अवस्थामा बाहेक सबै तथ्यांक सन् २००८ डिसेम्बर ३१ सम्मका हुन् । एडीबीको यो तथ्यांक पुस्तिका प्रत्येक वर्ष मार्च महिनामा अद्यावधिक गरिन्छ ।

अप्रिल २००९